# नेपाल सरकार
# स्वास्थ्य मन्त्रालय

## पत्रकार भेटघाट
## २७ मंसिर, २०७३

# विषय

१० प्रतिशत निशुल्क सेवा

नितिगत व्यवस्था

कार्यान्वयन अवस्था

# १० प्रतिशत निशुल्क स्वास्थ्य उपचार सेवा

## नीतिगत व्यवस्था

- सुशासन ऐन २०६४ को दफा ४५ वमोजिम,
- स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड समबन्धि निर्देशिका, २०७० बमोजिम सवै स्वास्थ्य संस्थाहरूले **कुल शैयाको १० % प्रतिशत शैयामा विपन्न, असाहय, बेवारिसे विरामीलाई अनिबार्य निशुल्क उपचार सेवा प्रदान गर्नु पर्ने, त्यसको अभिलेख राख्नुपर्ने र सो को प्रतिवेदन नियमित रुपमा बुझाउनु पर्ने** उल्लेख भएको।

## कार्यान्वयनको अवस्था

- स्वास्थ्य संस्था संचालन अनुमति लिँदा सवै संस्था(नीजि,सामुदायीक समेत) ले **प्रतिवद्धता जनाएको तर प्रभावकारी र व्यवस्थित हुन नसकेको**।
- सेवाग्रही र सेवा प्रदायक दुवैबाट निर्दिष्ट सेवा सञ्चालनमा नरहेको जानकारी प्राप्त भएको।
- नीजि स्वास्थ्य संस्थाहरुले Corporate Social Responsibility अन्तर्गत केही हद सम्म सेवा प्रवाह गरेको भएता पनि प्रभावकारी,व्यवस्थित र पारदर्शी नभएको।

## मन्त्रालयबाट भएको कार्य

- सम्पुर्ण निजि स्वास्थ्य संस्थाहरुलाई कुल सैयाको १० प्रतिशत सैयामा निशुल्क उपचार प्रवाह गर्न मिति २०७३ कार्तिक १३ मा मन्त्रालयले सार्वजनिक सुचना प्रवाह गरेको।
- प्रकृयालाई थप स्पष्ट गर्न फरामहरु निर्माण गरि सवैलाई पठाइएको।
- APHIN मार्फत कुल शैयाको १० प्रतिशत शैयामा निशुल्क उपचार सेवा प्रवाह गर्ने प्रतिबद्धता सुचना जारी भएको छ।

# १० प्रतिशत निशुल्क उपचार सेवा र सेवाग्रही

## सेवाग्रही को ?

- बिपन्न, वेवारिसे र असाहाय
- ज्योष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका

## सिफारिस गर्ने कस्ले ?

- गा.वि.स./नगरपालिका वा
- जि. बि.स.वा,
- जिल्ला प्रशासन कार्यालय वा,
- जिल्ला जनस्वास्थ्य कार्यालय वा,
- स्वास्थ्य मन्त्रालय वा,
- काठमाडौंको हकमा विर अस्पताल समेत

## निशुल्क सेवा के के ?

- चिकित्सक परामर्श शुल्क
- प्रयोगशाला शुल्क
- शैया शुल्क
- नर्शिङ्ग शुल्क
- अस्पतालमा उपलब्ध डाईगनस्टिक शुल्क
- अक्सिजन

नेपाल सरकार

**स्वास्थ्य मन्त्रालय**

**चिकित्सा सेवा महाशाखा**

☎ : ०१-४२५४७५९
email : csd@mohp.gov.np
website : www.mohp.gov.np

आ.ब. ०७३।७४
च.नं. २/८२० ।

मिति २०७३।७।१९

विषय:- **१० प्रतिशत शैयामा नि:शुल्क उपचार गर्ने मापदण्ड लागु गर्ने सम्बन्धमा ।**

**श्री ...................... ........................................अस्पताल**

.................................................................

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ बमोजिम नेपाल सरकारबाट स्वीकृत स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० ले व्यवस्था गरे बमोजिम तहाँ अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेवारिसे विरामीका लागि १० प्रतिशत शैया छुट्याई नि:शुल्क उपचार गर्ने व्यवस्था गर्नुहुन यस पत्र प्रषित गरिएको छ । यस विषयमा यसै पत्रसाथ संलग्न सार्वजनिक महत्वको सूचना मिति २०७३।७।१३ मा कान्तिपुर राष्ट्रिय दैनिक र अन्य अनलाईन लगायतका पत्रिकामा प्रकाशित भएको छ । सो बमोजिमका मापदण्डहरुको पालना गरी नियमित रुपमा संम्बन्धीत निकाय (जिल्ला जन/स्वास्थ्य कार्यालय, क्षेत्रीय स्वास्थ्य निर्देशनालय, स्वास्थ्य सेवा विभाग र स्वास्थ्य मन्त्रालय) मा प्रगति प्रतिवेदन पठाउनुहुन निर्णयानुसार अनुरोध छ ।

**उक्त १० प्रतिशत शैयामा नि:शुल्क उपचार गर्ने सम्बन्धी मापदण्डको पालना गर्नको लागि अवलम्बन गर्ने प्रकृयाहरु**

१. नि:शुल्क शैयामा उपचार लिने विरामीलाई यसैसाथ संलग्न स्वयं घोषण फाराम भर्न लगाउने ।
२. अस्पतालले विपन्न, असहाय, बेवारिसे विरामीको लागि **"विपन्न, असहाय, बेवारिसे विरामीका लागि नि:शुल्क शैया"** लेखेको Sticker छपाई गरी नि:शुल्क बेडमा विरामी भर्ना हुनासाथ टाँस्न लगाउने । विपन्नको विरामीको हकमा जेष्ठ नागरिक, अपाङ्ग, एकल महिला तथा कमजोर आर्थिक सामाजिक अवस्था भएकालाई प्राथमिकता दिने ।
३. नि:शुल्क शैयामा उपचार गराएको विरामीको विवरण मासिक रुपमा सम्बन्धीत निकायमा पठाउन लगाउने ।
४. नि:शुल्क शैयामा उपचार गराईएका विरामीको फोटो सहितको विवरण अस्पताल परिशरमा सर्बसाधारण सबैले देख्ने गरी टाँस्ने व्यवस्था गर्ने ।

---

Regd. No. 196-055/056

**ASSOCIATION OF PRIVATE HEALTH INSTITUTION NEPAL**
**(APHIN)**

च.नं. १२१/०६३।६४

मिति- २०७३/०८/२२

माननीय स्वास्थ्य मन्त्रीज्यू
स्वास्थ्य मन्त्रालय
रामशाह पथ, काठमाडौं ।

विषय - दश प्रतिशत निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने प्रतिवद्धता सम्बन्धमा ।

माननीय मन्त्रीज्यू,

स्वास्थ्य संस्था स्थापना, संचालन तथा स्तरोन्नती मापदण्ड सम्बन्धी निर्देशिका २०७० को दफा ४ (ध) मा उल्लेख भए बमोजिम गरिब, विपन्न, असहाय तथा बेवारिसे विरामीका लागी निजी स्वास्थ्य संस्थाले आफ्नो शैया क्षमताको १० प्रतिशत शैया छुट्याउनुको साथै त्यस्ता विरामीका लागी शैया शुल्क, अक्सिजन, चिकित्सक शुल्क, नर्सिङ सेवा र त्यावमा लाग्ने शुल्क पूर्ण निशुल्क गरी स्वास्थ्य उपचार सेवा प्रदान गर्न शुरु गरिसकिएको व्यहोरा माननीय मन्त्रीज्यूलाइ जानकारी गराउदै उल्लेख गरेबमोजिमका निशुल्क स्वास्थ्य सेवालाइ निरन्तरता दिने प्रतिवद्धता समेत व्यक्त गर्दछौं ।

भवदीय

.............................
बसन्तकुमार चौधरी
अध्यक्ष

**ठुला अप्रेशन र औषधिको विषयमा थप छलफल भईरहेको**

# १० प्रतिशत निशुल्क उपचार सेवा अनुगमन सुचकहरु

अस्पतालले विरामीहरुलाई स्वयं घोषणा फाराम भराई त्यसको रेकर्ड सम्बन्धित निकायमा पठाईएको हुनेछ

विरामी भर्ना हुनासाथ “विपन्न, वेवारिसे र असहाय विरामीको लागि निशुल्क शैया” लेखेको स्टिकर शैयामा टाँसिएको/झुण्डाईएको हुनेछ

विरामी सुचनाबोर्डमा अस्पतालमा निशुल्क उपचाररत विरामीहरुको विवरण राखिएको हुनेछ।

# १० प्रतिशत निशुल्क उपचार सेवा कहाँ र कहिले बाट

| कहाँ बाट | कहिले बाट |
|---|---|
| • नेपालमा संचालनमा रहेका सम्पुर्ण निजी, गैह्रसरकारी, शिक्षण अस्पताल,सामुदायीक,सहकारी,नर्सिङ होमबाट यस सेवा प्रवाह भएको हुनेछ।<br>• सरकारी अस्पतालहरुमा सामाजिक सेवा ईकाईबाट हाल सम्म निशुल्क/आंसिक शुल्क दिईरहेकोमा त्यसलाई पारदर्शी र व्यवस्थित गरिनेछ | • मिति २०७३ पौष १ गतेबाट देशैभरी निजी, गैह्रसरकारी, शिक्षण अस्पताल,सामुदायीक,सहकारी,नर्सिङ होम लगायत सवैमा यस सेवा अनिवार्यरुपमा प्रवाह भएको हुनेछ। |

# १० प्रतिशत निशुल्क उपचार सेवा कहाँ र कहिले बाट



# कार्यन्वयन र समन्वय ईकाइ

- **चिकित्सा महाशाखा प्रमुखको संयोजकत्वमा संबन्धित निकायका प्रतिनिधित्व सहितको कार्यान्वयन सहजीकरण समिति गठन** गरिएको छ।

- जसले कार्यान्वयनलाई सहजीकरण गर्ने, कार्यान्वयन भए नभएको अनुगमन गर्ने र प्रत्येक महिना मन्त्रालयका सचिवलाई यस सम्बन्धि जानकारी पेश  गर्दछ।
- यस व्यवस्थाको कार्यान्वयनको क्रममा आउने गुनासाहरुको सुनुवाई गरी त्यसको निरुपण गर्ने कार्य समेत यसै समितिले गर्दछ।
- निजी, गैर-सरकारी, सामुदायिक, नर्सिङ्होम लगायतको Issues हेर्ने Focal Desk को जिम्मेवारी चिकित्सा सेवा महाशाखाको हुनेछ।

# गुणस्तर मापन तथा Accreditation एकाइ र ऐन

- **स्वास्थ्य संस्था स्थापना, सञ्चालन, गुणस्तर मापन तथा Accreditation सम्बन्धी विधेयकको मस्यौदा तयार भइसकेको छ। सरोकारवाला निकायसंग थप परामर्श र परिमार्जन गरी पौष महिना भित्रै पेश गरीने।**

# यस निर्देशिकाअनुरुप सञ्चालन अनुमति नलिएका तथा तोकिएको अवधि भित्रै नविकरण नगरेका स्वास्थ्य संस्था सम्बन्धमा

- अनुमति नलिएका तथा नविकरण नगरेका स्वास्थ्य संस्थाहरुलाई कानूनी दायरामा ल्याउनका लागि निर्देशिका संशोधन प्रस्ताव मन्त्रिपरिषदमा लगिएको छ ।

- उक्त प्रस्ताव बमोजिम अन्तिम एक पटकको लागि माघ मसान्त सम्म निश्चित शुल्क तिरेर मापदण्ड पूरा गरी अनुमति प्राप्त गर्न सकिने ।

# सामाजिक स्वास्थ्य सेवा इकाई र स्वास्थ्य कोष

सबै सरकारी अस्पतालहरुमा सञ्चालित सामाजिक सेवा इकाई मार्फत निशुल्क उपचार सेवालाई थप प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउन पुनः परिपत्र गरिएको तथा वीर अस्पतालबाट अभिलेखिकरण शुरुवात भएको। पौष १ वाट सवैमा शुरु हुने।

सवै सरकारी अस्पतालमा अनिवार्य अस्पताल कोष निर्माण गर्न र त्यसमार्पत विपन्न असहाय विरामीको उपचारको व्यवस्था गर्ने र अस्पतालमा आएको विरामी  आर्थिक अभावका कारण उपचार नपाएर कुनै पनि अवस्थामा फर्कने अवस्था हुन नदिने।

# १० प्रतिशत निशुल्क उपचार सेवा सुचना प्रवाह र गुनासो व्यवस्थापन

## सुचना प्रवाह

- कुल शैयाको १० प्रतिशत शैयमा निशुल्क उपचार सेवा प्रवाहको लागि सार्वजनिक सुचना प्रवाह गरीसकिएको छ।
- मन्त्रालय मातहतका निकायमा कार्यान्वयनका लागि परिपत्र गरिसकिएको छ।
- कार्यन्वयन इकाईले त्यसको अनुगमन गर्नेछ।

## गुनासो व्यवस्थापन

- यस सेवा सम्वन्धी गुनासो सम्बन्धित जिल्ला जन स्वास्थ्य/स्वास्थ्य कार्यालय,क्षेत्रीय स्वास्थ्य निर्देशनालय, स्वास्थ्य सेवा विभाग र स्वास्थ्य मन्त्रालयको गुनासो व्यवस्थापन इकाई वा १० प्रतिशत निशुल्क उपचार सहजिकरण समितिमा निबेदन गर्न सकिनेछ।

# धन्यवाद

गगनकुमार थापा
स्वास्थ्य मन्त्री